National News

ALL INDIA RADIO GANGTOK

19:25 hrs 23.05.2025

प्रमुख समाचार :-

- प्रधानमन्त्री नरेन्द्र मोदीले आतंकवाद, होस अथवा अशांति फैलाउने माउबादी तत्व उहाँको सरकार शून्य सहिष्णुताको नीतिमा नै संचालित हुन्छ ।
- गृहमन्त्री विदेशमन्त्री डां एस जयशंकरले डेनमार्कको कोपनहेगनमा, नयाँ विश्व व्यवस्था को बाहिरी शपरेखाले आकार लिइरहेको भन्नुभएकोछ ।
- केन्द्रीय गृहमन्त्री अमित शाहले ओपरोशन सिन्दूर पहलगाम आतंकी हमलाको जवाफ हो र विश्वले भारतीय सशस्त्र बलहरूको वीरताको प्रशंसा गरि रहेको, भन्नुभएकोछ ।
- विगत दुइ वर्षहरूमा अग्निहरूले ओपरेशनसिन्दूर मा अघाड़ी बढ़ेर नेतृत्व गरे ।
- Badminton मा भारतका किदाम्वी श्रीकान्त मलेरिया मास्टर को पुरूष सिङ्गल्स को सेमी फाइनल मा पुगेकाछन् ।
- आई पि एल क्रिकेटमा, लखनऊमा royal challengers banglore- sunrisers Hyderabad बीत भीड़न्त हुँदैछ ।

---

## Rising North East Investors Summit

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएकोछ, आतंकवाद होस् अथवा अशांति फैलाउने माओवादी तत्व- उहाँको सरकार जिरो टोलरेन्स अर्थात उद्यमीमान पूर्वोत्तर लगानीकर्ताहरूको सम्मेलनको उद्घाटन गर्दै श्री मोदीले विकसित भारतका निर्माणका लागि देशको पूर्वोत्तर क्षेत्रको विकास अत्यंत आवश्यकछ भन्नुभयो । लगानीकर्ताहरूसित पूर्वोत्तरमा विभिन्न क्षेत्रहरूको पत्तो लगाउने आग्रह गर्दै यो क्षेत्र अब अवसरहरूको भूमि बनी रहेकोछ, उहाँले भन्नुभयो । श्री मोदील, पूर्वोत्तर, ऊर्जा र सेमी कन्डक्टर जस्ता क्षेत्रहरूका लागि प्रमुख केन्द्र बनी रहेकीछ, भन्नुभयो ।

उहाँले इस्ट को अर्छ सशक्त पार्नु, कार्य गर्नु, दरिलो पार्नु अनि परिवर्तन गर्नु हो, भन्नुभयो । श्री मोदीले भन्नुभयो, पूर्वोत्तर, पर्यटनसित जुड़ेका सबै क्षेत्रहरूको संपूर्ण पैकेज हो अनि यहाँ वैश्विक सम्मेलन, अन्य आयोजन र वैवाहिक कार्यक्रमहरूको आयोजनका लागि अपार संभावनाहरू

छन्। प्रधानमन्त्रीले थप भन्नुभयो, पूर्वोत्तर, जैव- अर्थव्यवस्था र बाँस उद्योग, चिया उत्पादन एवम पेट्रोलियम, खेल, कौशल तथा पर्यावरण- पर्यटनको पर्याथ बनेकोछ।

प्रधानमन्त्रीले भन्तुभयो अरूणाचल प्रदेशमा सेला सुरूङ र असममा भूपेन हजारिका सेतु जस्ता परियोजनाहरूमा हजारौं करोढ़ो रूपियाँको लगानी गरिएकोछ । पछिल्ला देशकहरूमा प्राप्त उपलब्धिहरूको पनि उहाँले उल्लेख गर्नुभयो जसमा एघार हजार किलोमीटरको राजमार्ग, ब्रहम्पुत्र र बराक नदिहरूमा जलमार्गहरूको विकास तथा सैकड़ौ मोबाइल टोवर्सहरूको स्थापना शामेलछ।

उद्योगहरूलाई ऊर्जाको विश्वसनीय आपूर्ति सुनिश्चित गर्न भनि, एक हजार छ सय किलोमीटर लामो पूर्वोत्तर गैस ग्रिडको स्थापना गरिएको पनि उहाँले बताउनुभयो । प्रधानमन्त्रीले भारत मण्डपममा आयोजित अष्टलक्ष्मी महोत्सवलाई संर्मझिंदै आजको कार्यक्रम, पूर्वोत्तरमा लगानीको उत्सव मनाउने दिन हो, भन्नुभयो। श्री मोदीले सबै मन्त्रालय र राज्य- सरकारहरूलाई लगानी अनुकूल वातावरण तयार पार्नका लागि बधाई दिनुभयो।

यस अवसरमा पूर्वोत्तर क्षेत्र विकास मन्त्री ज्योतिरादित्य सिंधिपाले भन्नुभयो, केन्द्र सरकारले पूर्वोत्तर क्षेत्रमा पूर्वाधार र सम्पर्कलाई बढ़ावा दिने दिशामा धेरै काम गरेकोछ । उहाँले भन्नुभयो, श्री मोदीको नेतृत्वमा आज यस क्षेत्रमा 17 हवाई अड्डाहरू छन् जहाँबाट दुई हजार भन्दा बढ़ि उड़ानहरू संचालित हुन्छन् । पूर्वोत्तर क्षेत्र, दक्षिण पूर्व एशियाको अंतर्राष्ट्रिय कोरिडोर बनिनेछ भन्ने विश्वास उहाँले व्यक्त गर्नुभयो।

श्री सिधियाले लगानीकर्ता र व्यापार जगतका प्रमुःहरूसित मेक इन इंडिया, मेक इन द नर्थ इस्ट, र मेक फोर द वर्ल्डस अभियानमा सहभागी हुने आग्रह गर्नुभयो।

दुई दिने यस सम्मेलनको उद्देश्य, पूर्वोत्तर क्षेत्रलाई अवसरहरूको भूमिको रूपमा उजागर पार्नु, अनि त्यहाँ वैश्विक तथा घरेलु लगानी आकर्षित पार्नु हो। सम्मेलनमा मन्त्रीस्तरीय सत्र, व्यापार देखि सरका सत्र, बैठक, स्टार्टअप र नीति प्रदर्शनी तथा लगानी प्रोत्साहनका लागि राज्य सरकार एवम केन्द्रिय मन्त्रालयहरूको संबधित पहलहरू शामेल हुनेछन्।

---

<u>अमित शाह- बि एस एफ</u>

केन्द्रिय गृह मन्त्री अमित शाहले भन्नुभएकोछ ओपरोशन सिन्दूर पहलगाम आतंकी हमलाको जवाफ हो र आज विश्वले, भारतीय सशस्त्र बलहरूको वीरताको प्रशन्सा गरिरहेकोछ । श्री शाहले भन्नुभयो, सरकारको दरिलो राजनीतिक इच्छाशक्ति, र गुप्तचार एजेन्सीहरूको अचूक सूचना तथा सशस्त्र बलहरूद्वारा घातक कार्रवाईले गर्दा यो संभव भएकोछ । आज नयाँ दिल्लीमा सीमा सुरक्षा बल अलंकरण समारोहलाई संबोधित गर्दै श्री शाहले भन्नुभयो, बि एस

एफ र सशस्त्र बलहरूले पाकिस्तान विरूद्ध भारतको जवाबी कार्रवाईमा महान वीरता अनि रक्षाको सांचो शक्तिको प्रदर्शन गरे । श्री शाहले, भारचले कैयन दशकहरू देखि पाकिस्तान प्रायोजित आतंकवादको सामना गरिरहेकोछ, भन्नुभयो ।

---

जयशंकर बर्लीन

विदेश मन्त्री डां एस जयशंकरले आज बर्लीन मा जर्मन चान्सलर फ्रेडरिक मर्जसित भेट गर्नुभयो। उहाँले प्रधानमन्त्री नरेन्द्र मोदीको तर्फबाट शुभकामनाहरू दिँदै आतंकवादको चुनौतिको सामना गर्न, भारतसित एकजुटटा देखाएकोमा जर्मनीको प्रशन्सा गर्नुभयो । भारत – जर्मनी सामरिक सहभाहगितालाई उन्नत पार्नु र त्यसको विस्तार गर्नुका निम्ति श्री मेर्ज को सरकारसित मिलेड काम गर्नु आफु उत्सुक रहेको श्री जयशंकरले भन्नुभयो। उहाँले जर्मन चान्सलरका विदेश तथा सुरक्षा नीति सल्लाहकार डां गुन्तर सल्टर सित पनि कुराकानी गर्नुभयो । विदेश मन्त्रीले अर्थव्यवस्था र ऊर्जा मन्त्री कैधरीना रीचेसित पनि भेट गर्नुभयो र बढ़ि लचीलो आपूर्ति श्रंखलाको निर्माण, गर्न, भारत- जर्मनी प्रतिभा संपर्क, उद्योग साझेदारी र संयुक्त सहयोगलाई बढ़ाउने तरीकाहरूबारे चर्चा गर्नुभयो ।

---

नीरज चोपड़ा- पोलैण्ड

ओलम्पिक खेलाड़ी नीरज चोपड़ा आज बेलुकी पोलैण्ड को खोजो मा जानुस कुसोसिन्सकी मेमोरीयल 2025 टुर्नामेन्टको भालाफेक स्पर्धमा भाग लिनेछत् । पछिल्लो साता, उनले दोहामा, डाइमण्ड लिग मिट मा भाग लिएका थिए । टुर्नामेण्टमा, ग्रेनेडाका एंडरसन पीटर्स र जर्मनीका जलिपन वेबर जस्ता विश्व स्तरीय एथलीटहरूपनि शामेल हुनेछन् ।

---

अग्निवीर अपरेशन सिन्दूर

पछिल्ला दुई वर्षहरूमा अग्निपछ योजना अन्तर्गत- भर्ती गरिएका सगभग तीन हजार अग्निवीरहरूले ओपरेशन सिन्दूर मा अघाढ़ी बढ़ेर नेतृत्व गरे । अग्निवीरहरू मध्ये, धेरजसो 20 वर्षमा युवा थिए जसले पाकिस्तानका ड्रोन र मिसाइल हमलाहरूले भारतका सैन्य प्रतिष्ठानहरूको रक्षा गरे । यी युवाहरूले चार दिनको सैन्य जवाबी कार्रवाईको बेला आतंकको गढ़ पाकिस्तानलाई उपयुक्त जवाफ दिए । वायुरक्षा एकाईमा लगभग 200 अग्निवीरहरू उपस्थित थिए ।

---

आई पी एल

आई पी एल क्रिकेटमा अहिले लखनऊमा Royal Challengers Bengalore र Sunrisers Hyderabad बीच भीड़न्त भईरहेकोछ।

---

हकी- भारत एफ आई एच

एफ आई एच हकी प्रो लीगको यूरोपेली चरणका लागि 24 सदसीय पुरूष टीमको घोषणा गरिएकोछ । यो प्रतियोगिता, 7 देखि 22 जून सम्म, नीदरलैण्ड्स कप्तान र हार्दिक सिंह उप कप्तान हुनेछन् ।

भारतीय टीमले आफ्नो पहिलो मैच, 7 जूनमा नेदरलैण्ड्स सित खेल्नेछ ।

---

बिहार- वैष्णव

रेलमन्त्री अश्विनी वैष्णवले भन्नुभएकोछ, देश उन्नत प्रोद्यौगिकीको विकास साथै रेलवे, वन्दे भारत र नमो भारत जस्ता नयाँ रेलगाड़ीहरू चलाउनुमा आत्मनिर्भर भई रहेकोछ । मुंगेरको जमालपुरामा एक भन्नुभयो, प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा देशले विगत 10 वर्षहरूमा 50 हजार किलोमीटर रेलवे नेट्वर्कको विद्युतीकरण गरेकोछ ।

---

जयशंकर- News Agency

विदेश मन्त्री डां एस जयशंकरले विश्व, कम पश्चिमी बढ़ि विविध, बढि वैश्विक र तीव्रता एशियाली बनी रहेको, भन्नुभएको छ ।डेनमार्कको कोपेनहेगनमा एउटा समाचार एजेन्सीसितको साक्षात्कारमा मन्त्री महोदयले नयाँ विश्व व्यवस्थाको बाहिरी रूपरेखाले आकार लिइरहेकोछ, भन्नुभयो । डां जयशंकरले, विश्वमा बिस्तारै पुर्नसमुदलन भई रहेकोछ भन्नुभयो । उहाँले भन्नुभयो, पहलगाम आतंकी हमला, कश्मीररलाई लिएर भारत र पाकिस्तान बीचको संघर्ष होईन बरू आतंकी हमला नै थियो ।

---

Badminton

Badminton मा, भारतीय खेलाड़ी किदाम्बी श्रीकान्त, Malaysia Martens को पुरूष Single को Semifinal मा पुगेकाछन् । उनले quarterfinals मा फ्रान्सका Toma Junior Popov लाई परिजित गरे ।